# थारु आयोगको बार्षिक कार्य संचालन कार्ययोजना

# २०७८/७९

थारु आयोग

काठमाण्डौ,नेपाल

२०७८

# थारु आयोग बाट आर्थिक बर्ष २०७८/७९ मा संचालन हुने बार्षिक कार्यक्रमहरुको मितव्ययी, प्रभावकारी र व्यवस्थित संचालनको सहजीकरणको लागि थारू आयोगको बार्षिक कार्य संचालन कार्ययोजना तयार गरिएकोछ ।

थारु आयोग

अनामनगर, काठमाण्डौ,नेपाल

टेलिफोन नं: ०१-५७०५११८ ५७०५११९,५७०५२३१

टोल फ्री नं: १६६०-०१-५७-०००

**Website: tharucommission.gov.np**

**Email: info@thaarucommission.gov.np**

१. महिला अधिकार/कानुनी शिक्षा/बिद्यमान कुरीति र अन्धविश्वास न्यूनीकरण सम्बन्धि थारु महिला लक्षित जनचेतनामूलक कार्यक्रमः

| खर्च शीर्षक नं | **बजेट** | इकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | २१०० | संख्या | ७ | प्रथम, द्वितीय चौमासिक |

| **उपशीर्षक:** | **विवरण** |
|---|---|
| **परिचय** | बर्षौदेखि थारु महिलाहरु अज्ञानता, अन्धविश्वास, कुरितिमा जकडिएको हुँदा महिला अधिकार, कानुनी शिक्षा र सामाजिक सचेतनाको आवश्यकता भएकोले यो कार्यक्रमको ल्याइएको हो । |
| **लक्ष्य** | सामाजिक सचेतना, कानुनी शिक्षा तथा अधिकारको बारेमा जागरण ल्याउने । |
| **उद्देश्य** | लामो समयदेखि पछाडी परेका थारू महिलाहरुलाई कानुनी शिक्षा, महिला अधिकार तथा सामाजिक सचेतना ल्याई न्यायोचित जीवन यापनलाई सहज बनाउने। |
| **लक्षित समुह** | समाजसेवी, महिला स्वयमसेविका, आमा समुहमा रहेका, शिक्षिका तथा विद्यालयमा अध्ययनरत थारु महिलाहरु । |
| **कार्यक्रम संचालन गर्ने निकाय** | थारु आयोग, काठमाण्डौ, नेपाल |
| **कार्यक्रम संचालन बिधि** | ➢ नेपालको सातवटै प्रदेशमा यो कार्यक्रम संचालन हुनेछ ।<br>➢ आयोगको कार्यबिभाजन बमोजिम सम्बन्धित पदाधिकारीबाट कार्यक्रम संचालन हुने जिल्ला,पालिका तथा स्थानको चयन हुनेछ।<br>➢ आयोगका पदाधिकारी तथा कर्मचारीहरुले सहजकर्ता,सहभागीहरुको छनौट, संचालान हुने मिति तय गरि सरोकारवालाहरु संग समन्वय तथा पत्राचार गर्नु पर्नेछ ।<br>➢ प्रचलित ऐन ,नियम, निर्देशिका,र कार्यविधि अनुसार बजेटको बाँडफाँड, कार्यक्रम संचालन तथा खर्च गर्नु पर्नेछ ।<br>➢ कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम सम्पन्न प्रतिवेदन लिई फरफारक गर्नु पर्दछ । |
| **अपेक्षित उपलब्धि** | थारू महिलाहरुको सामाजिक सचेतना, अधिकार र समग्र चेतनाको स्तरमा सुधार आउनेछ । |

## २. बिभिन्न अध्ययन प्रतिबेदन प्रकाशनः

| खर्च शीर्षक नं | **बजेट** | इकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | ४५० | संख्या | १ | द्वितीय चौमासिक |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचय** | आयोगबाट विभिन्न विषयमा गरिएका अध्ययनहरुको प्रतिवेदन प्रकाशन गर्ने । |
| **लक्ष्य** | थारु आयोगसंग सम्बन्धित महत्वपूर्ण दस्ताबेजहरुको छपाई तथा प्रकाशन गर्ने । |
| **उद्देश्य** | थारू समुदायको लोप हुँदै गई रहेको इतिहास, भाषा, साहित्य, संस्कृति, तथा महत्वपूर्ण चलन तथा प्रथाहरुको लेखन/संकलनहरुलाई व्यवस्थित गरी छपाई तथा प्रकाशन गर्ने । |
| **लक्षित समुह** | थारु समुदाय |
| **कार्यक्रम संचालन गर्ने निकाय** | थारु आयोग, काठमाण्डौ, नेपाल |
| **कार्यक्रम संचालन बिधि** | ➢ आयोगबाट स्वीकृती पश्चात प्रकाशन गर्ने ।<br>➢ प्रचलित ऐन ,नियम, निर्देशिका र कार्यविधि अनुसार छपाई तथा प्रकाशन गर्नु पर्नेछ । |
| **अपेक्षित उपलब्धि** | थारू आयोगसंग सम्बन्धित महत्वपूर्ण दस्तावेजहरुको छपाई, प्रकाशन तथा अभिलेखीकरण हुनेछ । |

## ३. सीप बिकास तथा क्षमता बिकास सम्बन्धि तालिम कार्यक्रम जस्तैः मोबाइल मर्म्मत इलेक्ट्रोनिक्सः

| खर्च शीर्षक नं | **बजेट** | इकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | १००० | संख्या | २ | प्रथम, द्वितीय चौमासिक |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | थारू युवाहरुमा व्यबसायिक क्षमता विकास गर्न र बेरोजगारी समस्यालाई सम्बोधन गर्न क्षमता तथा सीप अभिबृद्धि गरी स्वरोजगार बनाउने । |
| लक्ष्य | थारू युवाहरुमा आधुनिक सीप तथा कार्य गर्ने क्षमतामा अभिबृद्धि हुने । |
| उद्देश्य | थारु समुदायको गरिबी, पिछडापन तथा व्याप्त रहेको बेरोजगारी समस्यालाई सम्बोधन गरि सुखी र समृद्ध थारू समाजको स्थापना । |
| लक्षित समुह | थारु युवा वर्ग |
| कार्यक्रम संचालन गर्ने निकाय | थारु आयोग, काठमाण्डौ, नेपाल |
| कार्यक्रम संचालन बिधि | ➢ यो कार्यक्रम प्रदेश नं २ र लुम्बिनी प्रदेशमा संचालन हुनेछ ।<br>➢ सम्बन्धित पदाधिकारीले कार्यक्रमको पहिचान गर्ने ।<br>➢ प्रचलित ऐन, नियम, निर्देशिका, र कार्यविधि अनुसार बजेटको बाँडफाँड, कार्यक्रम संचालन तथा खर्च गर्नु पर्नेछ ।<br>➢ कार्यक्रम संम्पन्न भएपछी कार्यक्रम सम्पन्न प्रतिबेदन लिई फरफारक गर्नु पर्दछ । |
| अपेक्षित उपलब्धि | थारू युवाहरुको बेरोजगारी अवस्थाको न्युनीकरण तथा आर्थिक अवस्थामा सुधार आउनेछ । |

## ४. सिकलसेल एनेमिया रोगको उपचार तथा रोकथाम सम्बन्धि कार्यविधि निर्माणः

| खर्च शीर्षक नं | **बजेट** | इकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | ३५० | संख्या | १ | प्रथम, द्वितीय चौमासिक |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | नेपालको थारू जाति विशेषमा अनुबांशिक रोगको रुपमा रहेको सिकल सेल एनेमियाले बहुसंख्यक थारूहरुलाई प्रत्यक्ष असर पारिरहेको अवस्था |

| | |
|---|---|
| | भएकोले यसको एकीकृत रुपमा रोकथाम नियन्त्रण तथा उपचारको कार्यविधि आवश्यक भएको छ। |
| **लक्ष्य** | थारू जाति बिशेष मा रहेको यो रोगको समुचित रोकथाम, नियन्त्रण, निदान तथा उपचारको एकीकृत व्यवस्थापन गर्ने। |
| **उद्देश्य** | थारु जाति बिशेषलाई सिकलसेल रोगको कारण शारीरिक, मानसिक, आर्थिक, सामाजिक तथा शैक्षिक रुपमा पारेको कुप्रभावबाट मुक्त गराउन कार्यविधि निर्माण गर्ने। |
| **लक्षित समुह** | सम्पुर्ण थारु समुदाय |
| **कार्यक्रम संचालन गर्ने निकाय** | थारु आयोग, काठमाण्डौ, नेपाल |
| **कार्यक्रम संचालन बिधि** | ➢ आयोगको जिम्मेवारी तोकिएको पदाधिकारीले संयोजन गर्ने ।<br>➢ कार्यविधिको मस्यौदा तयार गर्ने ।<br>➢ सिकलसेल रोगसंग सम्बन्धित बिज्ञ तथा सरोकारवालाहरुको सूची तयार गर्ने ।<br>➢ सिकलसेल रोग रोकथाम, नियन्त्रण, निदान, उपचार तथा पुनस्थापना छलफल तथा कार्यविधि निर्माणको लागि समय र स्थान तोक्ने ।<br>➢ प्रचलित ऐन, नियम, निर्देशिका, र कार्यविधि अनुसार बजेटको बाँडफाँड, कार्यक्रम संचालन तथा खर्च गर्नु पर्ने ।<br>➢ कार्यक्रम सम्पन्न भएपछि कार्यविधिको अन्तिम मस्यौदा प्रतिबेदन लिई फरफारक गर्नु पर्दछ । |
| **अपेक्षित उपलब्धि** | थारू जाति बिशेष सिकल सेल रोगको रोकथाम तथा नियन्त्रणको बारेमा थारूहरुमा निदान, उपचार तथा पुनर्स्थापनाको लागि एकीकृत कार्यविधि तयार हुनेछ । |

## ५. थारु चित्रकला सम्बन्धि अध्ययन अनुसन्धानः

| खर्च शीर्षक नं | **बजेट** | इकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | ५०० | संख्या | १ | कार्य प्रारम्भ प्रथम चौमासिक र सम्पन्न तृतीय चौमासिकसम्म |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचय** | थारु समुदाय चित्रकलामा पोख्त रहेको समुदाय भएपनि परम्परागत चित्रकलाहरु लोप हुने अवस्था हुँदा यसको अध्ययन, अनुसन्धान, अभिलेखिकरण गर्न आवश्यक छ ।जसले गर्दा थारु समुदायको पहिचान, इतिहासको संरक्षण तथा अभिलेखीकरण हुनेछ । |
| **लक्ष्य** | थारु समुदायको चित्रकलाको अध्ययन अनुसन्धान गरी समुदायको पहिचान र इतिहासको संरक्षण तथा दस्तावेजीकरण गर्ने । |
| **उद्देश्य** | लुम्विनी, गण्डकी र बागमती प्रदेशका थारू बाहुल्य जिल्लाहरुमा अध्ययन अनुसन्धान गर्ने। |
| **लक्षित समुह** | थारु समुदाय |
| **कार्यक्रम संचालन गर्ने निकाय** | थारु आयोग |
| **कार्यक्रम संचालन बिधि** | आयोगले अध्ययन अनुसन्धानका लागि कार्य क्षेत्रगत शर्त तयार गरी स्वीकृत गर्ने ।<br><br>TOR का आधारमा नियमानुसर अध्ययन अनुसन्धानका लागि सम्बन्धित अनुसन्धान कर्तालाई जिम्मेवारी दिने ।<br><br>आयोगसँग छलफल गरी प्रतिवेदन अन्तिम रुप दिने र आयोगबाट स्वीकृत भएपछि मात्र भुक्तानी दिने । |
| **अपेक्षित उपलब्धि** | तोकिएको प्रदेशको थारु समुदायको चित्रकलाको अध्ययन अनुसन्धान भई प्रतिवेदन प्राप्त हुने र अभिलेखीकरण तथा संरक्षण हुनेछ । |

### ६. थारू साहित्य अध्ययन तथा संकलन कुनै एक विधाः

| खर्च शीर्षक नं | **बजेट** | इकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | ५०० | संख्या | १ | कार्य प्रारम्भ प्रथम चौमासिक र सम्पन्न तृतीय चौमासिकसम्म |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | थारु समुदाय साहित्यमा पनि सम्पन्न समुदाय हो । परम्परागत रुपमा रहदै आएका साहित्यहरु लोप हुने जोखिममा छन् । यसको संकलन तथा प्रकाशन गर्न जरुरी छ । |
| लक्ष्य | थारु समुदायको कथाहरु संकलन गर्ने । |
| उद्देश्य | थारु समुदायको लोक कथाहरुको संकलन गरी संरक्षण गर्ने । |
| लक्षित समुह | थारु समुदाय |
| कार्यक्रम संचालन गर्ने निकाय | थारु आयोग |
| कार्यक्रम संचालन बिधि | ➢ यस कार्यका लागि सम्बन्धित पदाधिकारीबाट संयोजन हुनेछ ।<br>➢ लोक कथा संकलनका लागि वेवसाइटमा सूचना प्रकाशन गरिने छ ।<br>➢ सूचना आह्वानपछि संकलकहरुको नामावली सूची तयार गरिनेछ।<br>➢ स्वीकृत नामावली अनुसार कथा संकलन कर्ताहरुलाई जिम्मेवारी दिदै समय सीमा निर्धारण गरिनेछ ।<br>➢ थारु मातृभाषामा कथा संकलन गरिनेछ ।<br>➢ संकलकहरुलाई आयोगले निर्धारण गरे अनुसार पारिश्रमिक उपलब्ध गराईनेछ।<br>➢ तोकिएको समयभित्र प्राप्त र आयोगले स्वीकृत गरेको कथा संकलकलाई मात्र पारिश्रमिक दिईनेछ । |
| अपेक्षित उपलब्धि | थारू लोक कथा संकलन भएको हुनेछ । |

## ७. थारू समुदायको समग्र स्थितिको अध्ययनः

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | १५०० | संख्या | १ | कार्य प्रारम्भ प्रथम चौमासिक र सम्पन्न द्वितीय चौमासिकसम्म |

| उपशीर्षकः | **विवरण** |
|---|---|
| **परिचय** | थारु आयोग ऐन,२०७४ को दफा, ७ को खण्ड क मा थारु समुदायको समग्र स्थितिको अध्ययन गरी त्यस सम्बन्धमा नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकारलाई सिफारीस गर्ने व्यवस्था गरिएको छ। यसका लागि रु.१५ लाख बजेट व्यवस्था भएको छ । यसबाट थारु समुदायको समग्र पक्षको अध्ययन भई समुदायको स्थिती बारे अवगत हुनेछ । |
| **लक्ष्य** | थारु समुदायको अवस्था अध्ययन गरी सरकारलाई सिफारिस गर्ने। |
| **उद्देश्य** | थारु समुदायको समग्र अवस्था अध्ययन तथा विश्लेषण गरी नेपाल सरकारलाई सिफारिस गर्ने। |
| **लक्षित समुह** | थारू समुदाय |
| **कार्यक्रम संचालन गर्ने निकाय** | थारु आयोग |
| **कार्यक्रम संचालन बिधि** | ➢ यस कार्यको लागि सम्बन्धित पदाधिकारीले संयोजन गर्ने ।<br>➢ यसको सम्बन्धित विज्ञहरु संग परामर्श गरी कार्यक्षेत्रगत शर्त तयार गर्ने ।<br>➢ कार्य क्षेत्रगत शर्तका आधारमा उपयुक्त विधिबाट नियमानुसार कार्य गर्ने गराउने।<br>➢ अनुसन्धानकर्ताले प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ ।<br>➢ प्रतिवेदन आयोगबाट स्वीकृत भएपछि भुक्तानी दिईने छ । |
| **अपेक्षित उपलब्धि** | थारु समुदायको समग्र अवस्थाको वोध हुने गरी प्रतिवेदन प्राप्त हुनेछ। |

## ८. मानक भाषा सम्बन्धि छलफल कार्यक्रमः

| खर्च शीर्षक नं | **बजेट** | इकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | ७०० | संख्या | १ | प्रथम, द्वितीय चौमासिक |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचय** | थारु समुदायमा भाषागत विविधता छ। विविधता भए पनि अधिकाशं पक्षमा समानता पनि छ। मानक भाषाको वहस थारु समुदायमा उठेको छ।यसलाई टुंगोमा पुर्याउन सरोकारवालाहरु वीच घनिभूत छलफल गरी मानक भाषा निर्माणको विधि प्रकृया तय गर्न र कार्यान्वयनमा एकरुपता ल्याउन आवश्यक छ।यस कार्यबाट सरकारी कामकाजको भाषा र पठनपाठनमा सहजता ल्याउने छ । |
| **लक्ष्य** | थारू मानक भाषा निर्माणको लागि बुझाईमा एक रुपता ल्याउने । |
| **उद्देश्य** | थारु मानक भाषासम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने । |
| **लक्षित समुह** | थारु समुदायका भाषासम्बन्धि विज्ञता भएका व्यक्ति, संस्था र थारु कल्याणकारिणी सभा आदि । |
| **कार्यक्रम संचालन गर्ने निकाय** | थारु आयोग |
| **कार्यक्रम संचालन बिधि** | ➢ यस कार्यक्रमको नेतृत्व सम्बन्धित पदाधिकारीले गर्ने ।<br>➢ कार्यक्रमको लगि उपयुक्त स्थान चयन गर्ने ।<br>➢ सहभागी संख्या एकिन गर्ने ।<br>➢ यसका लागि आवाशीय कार्यक्रम संचालन गर्ने ।<br>➢ कार्यक्रममा आवश्यक संख्यामा कार्यपत्र प्रस्तुत गर्ने ।<br>➢ सो सम्बन्धमा व्यापक छलफल गर्ने ।<br>➢ साझा अवधारणा विकास गर्ने । |
| **अपेक्षीत उपलब्धि** | थारु मानक भाषा सम्बन्धमा छलफल अन्तरक्रिया भइ साझा अवधारणा सहितको प्रतिवेदन प्राप्त भएको हुनेछ । |

## ९. थारू सम्बद्ध अध्ययनमूलक लेख रचना सम्बन्धि स्मारिका प्रकाशनः

| खर्च शीर्षक नं | **बजेट** | इकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | ३५० | संख्या | १ | तेस्रो चौमासिकसम्म |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | स्मारिका प्रकाशन मार्फत विभिन्न विद्वानहरुको लेख रचना संकलन गर्न सके थारु समुदायको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक लगायत विविध क्षेत्रको अवस्था प्रकाशमा आउनेछ। यस प्रकाशनले थारू समुदायको थप अध्ययन अनुसन्धान र कार्यक्रम तर्जुमा गर्न सहज हुनेछ । |
| लक्ष्य | थारू समुदायको अबस्था प्रकाश पार्ने । |
| उद्देश्य | थारु आयोगको वार्षिक स्मारिका प्रकाशन गर्ने । |
| लक्षित समुह | थारु समुदाय र अन्य पाठक तथा अनुसन्धान कर्ता आदि । |
| कार्यक्रम संचालन गर्ने निकाय | थारु आयोग |
| कार्यक्रम संचालन बिधि | ➢ यस कार्यक्रमको नेतृत्व सम्बन्धित पदाधिकारीले गर्नेछ ।<br>➢ लेख रचना संकलनका लागि सूचना प्रकाशन गरिनेछ ।<br>➢ लेख रचनाको भाषा थारू मातृभाषा वा नेपाली वा अंग्रेजी हुनेछ ।<br>➢ लेख रचना पठाउनका लागि निश्चित समय तोकिनेछ ।<br>➢ प्राप्त लेख रचनाहरु सम्पादन गर्न सम्पादक मण्डल गठन गरिनेछ।<br>➢ सम्पादक मण्डलले लेख रचना सम्पादन गरी आयोगमा पेश गर्नु पर्नेछ ।<br>➢ लेख रचना स्वीकृत वा अस्वीकृत गर्ने अधिकार आयोगमा रहने छ।<br>➢ स्वीकृत लेख रचनाका लेखकलाई आयोगको निर्णयानुसार पारिश्रमिक उपलब्ध गराइनेछ । |
| अपेक्षित उपलब्धि | थारू आयोगको पहिलो स्मारिका प्रकाशन भएको हुनेछ । |

## १०. स्थानीय सरोकारवालाहरुसंग छलफल कार्यक्रमः

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | ५०० | संख्या | १० | प्रथम, द्वितीय तथा तृतीय चौमासिकसम्म |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | थारू समुदायमा समसामयिक विषयमा तत्काल छलफलको आवश्यकता भएको अवस्थामा विविध पक्षमा छलफल अन्तरक्रिया गर्न आवश्यक हुन्छ ।यस अवस्थामा आयोगबाट तत्काल कार्यक्रम तयार गरी आवश्यक सम्बोधन गर्न उपयुक्त हुनेछ । |
| लक्ष्य | थारू समुदायको तत्कालीन समस्याको सम्बोधन गर्न पहिचान गर्ने |
| उद्देश्य | थारू समुदायमा समसामयिक विषयमा तत्काल छलफल गर्ने |
| लक्षित समुह | थारू समुदाय |
| कार्यक्रम संचालन गर्ने निकाय | थारू आयोग |
| कार्यक्रम संचालन बिधि | ➢ आवश्यकतानुसार आयोगले कार्यक्रम संचालन गर्नेछ ।<br>➢ कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन पेश गरिनेछ । |
| अपेक्षीत उपलब्धि | तत्कालीन समस्याको जानकारी र सम्बोधन हुनेछ । |

## ११. थारू समुदायका ऐतिहासिक, सांस्कृतिक सम्पदाहरुको सूचीकरणः

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | ६५० | संख्या | २ | प्रथम, द्वितीय चौमासिकसम्म |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | थारू समुदायका ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक मूर्त तथा अमूर्त सम्पदाहरुको पहिचान गरी संरक्षण र सम्बर्धनका लागि नेपाल सरकारलाई सिफारिस गर्न आवश्यक छ । यसका लागि स्थलगत अध्ययन अनुसन्धान आवश्यक छ । |

| | |
|---|---|
| **लक्ष्य** | थारू समुदायका ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक मूर्त तथा अमूर्त सम्पदाहरुको सूचीकरण गरी सम्पदाको संरक्षण र सम्बर्धन गर्ने |
| **उद्देश्य** | ➢ प्रदेश नं १ का थारू बाहुल्य जिल्लालाई एक इकाई मानी थारू समुदायका ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक मूर्त तथा अमूर्त सम्पदाहरुको अध्ययन अनुसन्धान गर्ने<br>➢ बाग्मती र गण्डकी प्रदेशका थारू बाहुल्य जिल्लालाई एक इकाई मानी थारू समुदायका ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक मूर्त तथा अमूर्त सम्पदाहरुको अध्ययन अनुसन्धान गर्ने |
| **लक्षित समुह** | प्रदेश नं १, बागमती र गण्डकी प्रदेशका थारू समुदाय |
| **कार्यक्रम संचालन गर्ने निकाय** | थारू आयोग |
| **कार्यक्रम संचालन बिधि** | ➢ कार्यक्रमको संयोजन सम्बन्धित पदाधिकारीबाट हुनेछ ।<br>➢ यसका लागि कार्यक्षेत्रगत शर्त तयार गरिनेछ ।<br>➢ प्रचलित ऐन नियम अनुसार सम्बन्धित अनुसन्धानकर्तालाई कार्य गर्न जिम्मेवारी तोकिनेछ ।<br>➢ अनुसन्धानकर्ताले प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ ।<br>➢ पेश प्रतिवेदन आयोगबाट स्वीकृत भएपछि नियमानुसार भुक्तानी गर्नु पर्नेछ । |
| **अपेक्षित उपलब्धि** | थारू समुदायका ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक मूर्त तथा अमूर्त सम्पदाहरुको सूचीकरण र सम्पदाको संरक्षण र सम्बर्धनमा पहल भएको हुनेछ । |